नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय,

# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

बबरमहल, काठमाडौं ।

# उपकरण खरिद सम्बन्धी सिलबन्दी बोलपत्र अह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/१२/२०**

यस केन्द्रको लागि विभिन्न किसिमका सामानहरू खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सेवा प्रदायक व्यवसायीहरूले तपसिल बमोजिमको शर्त भित्र रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

**शर्तहरू**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले३०औं दिनको कार्यालय समयमा सिलबन्दी बोलपत्र फाराम खरिद गरिसक्नु पर्नेछ । चालु आ.व. को फर्म नविकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी काममा कुनै सजाय नपाएको भनी लिखित रूपमा घोषणा गरेको पत्रसहित सिलबन्दी सिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ ।

२. उल्लेखित सिलबन्दी बोलपत्र प्याकेजमा माग गरिए बमोजिम प्याकेज अनुसारको छुट्टा छुट्टै बोलपत्र पेस गर्नु पर्ने छ | बोलपत्र खरिद गर्ने म्याद समाप्त भएको भोलीपल्ट १२:०० भित्र दर्ता गरि सक्नु पर्ने छ र सोही दिनको २ बजे सिलबन्दी बोलपत्र दाता वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । यदि सिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधिहरू अनुपस्थित भएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । सिलबन्दी बोलपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोको भोलिपल्ट हुनेछ ।

३. यस केन्द्रलाई आवश्यक पर्ने उपकरणको Technical Specification सिलबन्दी बोलपत्र कागजातसाथ संलग्न गरिएको छ । संलग्न Technical Specification बमोजिम सेवाप्रदायक व्यवसायीले सिलबन्दी बोलपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र राम्रोसँग सिल लगाएको र सिलबन्दी बोलपत्रको प्रत्येक पन्ना अध्ययन गरी भर्नुपर्ने व्यहोरा सम्पूर्ण भरी दस्तखत र सही छाप लगाएको हुनुपर्नेछ । सिलबन्दी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयबाट रू.३०००।- तिरी आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।सिलबन्दी बोलपत्रको प्रत्येक पानामा दस्तखत प्रमाणित भए नभएको रूजु गरी खरिद गर्नु पर्ने छ ।

५. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको रकम (भ्याट बाहेक) को ३ प्रतिशतले हुन आउने रकम बराबर कम्तीमा ९० दिनको म्याद भएको वाणिज्य बैंकहरूको जमानतपत्र (बैंक ग्यारेण्टी) वा आवश्यक धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कर्यालय, बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ (अफिस कोड २७-३२९(१७) मा जम्मा गरेको नेपाल राष्ट्र बैंकको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

६. सिलबन्दी बोलपत्र फाराममा दररेट भर्दा अङ्क र अक्षर दुवैमा भर्नु पर्ने छ ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. ठेक्का सम्झौता स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम धरौटी खातामा जम्मा गरी वा वाणिज्य बैंकहरूको वैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्न उपस्थित हुनपर्नेछ ।

८. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ । अन्य कुरा बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

९. माथि उल्लेख नभएका अन्य कुराहरूको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

| **ठेक्का नं.** | **प्याकेज न.** | **खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण** | **मु.अ.कर बाहेक लागत अनुमान** | **ठेक्काको किसिम** | **ठेक्का दस्तुर (फिर्ता नहुने)** |
|---|---|---|---|---|---|
| १० | १ | १. DSLR Camera with Lense | १६,२०,०००| | सिलबन्दी बोलपत्र | ३,०००| |
| | २ | १. Camping Tent | ५,७०,६७२| | | |
| | | २. pH Meter | | | |
| | | ३. Munsell Color Chart | | | |

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन अनुसनधान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं

## उपकरण खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७७/१२/२०)

यस केन्द्रको लागि विभिन्न किसिमका सामाग्रीहरू खरिद गर्नुपर्ने भएको हुँदा सो सम्बन्धी विस्तृत सूचना यस केन्द्रको सूचना पाटीमा टाँस गरी केन्द्रको Website:www.frtc.gov.np मा समेत राखीएको छ । विस्तृत सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

| ठेक्का नं. | प्याकेज न. | खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण | मु.अ.कर बाहेक लागत अनुमान | ठेक्काको किसिम | ठेक्का दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १० | १ | १. DSLR Camera with Lense | १६,२०,०००। | सिलबन्दी बोलपत्र | ३,०००। |
| | २ | १. Camping Tent | ५,७०,६७२। | | |
| | | २. pH Meter | | | |
| | | ३. Munsell Color Chart | | | |